# वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

**प्रस्तावना:** गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय र यस मातहतका पर्यटन तथा उद्योग कार्यालयहरूको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमलाई व्यवस्थित तथा पारदर्शी बनाई प्रभावकारी कार्यान्वयन र एकरुपता कायम गर्न आवश्यक भएकोले,

गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालयले देहायको मापदण्ड बनाइ लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो मापदण्डको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "उद्यमशीलता तालिम" भन्नाले स्थानीय स्रोत साधनको उपयोग गर्दै लघु, घरेलु तथा साना उद्योग व्यवसाय कुशलतापूर्वक सञ्चालन गर्न वा उत्प्रेरित गर्न आवश्यक पर्ने ज्ञान, सिप, कला वा धारणाको विकास गर्न दिइने तालिम सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालन गरिरहेको वा सञ्चालन गर्न दर्ता भएको उद्योग व्यवसायको सञ्चालकलाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले पर्यटन पूर्वाधार निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्न आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ। सो शब्दले पर्यटन पूर्वाधार निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको भेलाले अनुमोदन गरेको प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको समिति, समूह वा संस्था समेत सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका पर्यटन तथा उद्योग विषय क्षेत्र हेर्ने कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "कोसेली घर" भन्नाले उद्यमीहरूबाट उत्पादित वस्तुहरू सङ्कलन गरी बिक्री वितरण गर्ने स्थानलाई सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ज) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग व्यवसाय सञ्चालन, विस्तार तथा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने उपकरण वा मेसिन उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "पर्यटन पूर्वाधार" भन्नाले कार्यालयबाट कार्यान्वयन हुने पर्यटन तर्फका पूर्वाधार निर्माण तथा पूर्वाधार विकासका कार्यक्रमलाई सम्झनु पर्छ।

माननीय मित्रलाल बस्याल
मन्त्री

३. **कार्यक्रम सञ्चालन तथा कार्य सम्पादन मार्गदर्शनः** यस मन्त्रालय र मातहतका निकायहरूमा विनियोजित वार्षिक विकास कार्यक्रम तथा बजेटको कार्यान्वयन सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यबिधि, २०८१, प्रदेश खर्चको मापदण्ड, २०७९ र अन्य प्रचलित कानुन बमोजिम कार्य सञ्चालन तथा कार्य सम्पादन गरिनेछ।

## परिच्छेद-२
## पर्यटन पूर्वाधार निर्माण

४. **पर्यटन पूर्वाधार निर्माणः** (१) स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने पूर्वाधार कार्यक्रमहरूको प्राविधिकबाट सर्वे, डिजाइन र लागत अनुमान तयार गरी विनियोजित बजेटको सीमा भित्र रही उपभोक्ता समिति वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सञ्चालन गरिनेछ।

(२) कुनै पर्यटन पूर्वाधार विकास योजनाको बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेको तर बहु वर्षिय योजनाको रुपमा नतोकिएको र DPR बमोजिम कुल लागत रकम एकमुष्ट विनियोजन नभइ आंशिक रुपमा बजेट रकम विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमका रुपमा विनियोजित बजेटको परिधि भित्र रही कार्य सञ्चालन गर्न सकिनेछ।

(३) स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने पर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्नु पूर्व सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

५. **लागत अनुमान तयार गर्नु पर्नेः** (१) पर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न PLMBIS मा उल्लिखित क्रियाकलापको अधिनमा रही प्राविधिकद्वारा लागत अनुमान, Drawing Design र Specification तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्नु पर्नेछ।

(३) कार्यालय मार्फत हुने पर्यटन पूर्वाधार निर्माण सम्बन्धी कार्यको लागि सम्बन्धित जिल्लाको स्वीकृत जिल्ला दररेटका आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार कार्यालयले लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(४) धार्मिक तथा ऐतिहासिक महत्वका सम्पदा निर्माण गर्ने सन्दर्भमा आवश्यक पर्ने काष्ठकला, चित्रकला एवम् मूर्तिकला जस्ता विषयहरुका सम्बन्धमा पुरातत्व विभागको दररेटलाई आधार मानी लागत अनुमान तयार गरी स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(५) उपदफा (३) र (४) बमोजिम लागत अनुमानमा उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थासँग सम्झौता भइ सञ्चालन हुने पर्यटन पूर्वाधार सम्बन्धी कार्यमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०८१ बमोजिम विनियोजित रकमको कम्तिमा दश प्रतिशत रकम लागत सहभागितामा समावेश हुनु पर्नेछ।

माननीय मित्रलाल वस्याल
मन्त्री

६. <u>उपभोक्ता समिति मार्फत गर्न सकिने</u>: (१) दफा ४ बमोजिम पर्यटन पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरू उपभोक्ता समिति मार्फत गर्न सकिनेछ।

(२) उपभोक्ता समितिले दफा ४ बमोजिम पर्यटन पूर्वाधार निर्माणका कार्य गर्न देहाय बमोजिमका कागजातहरू कार्यालय समक्ष पेश गर्नु पर्नेछः-

(क) गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम आयोजनाबाट प्रत्यक्ष लाभ हुने स्थानीय उपभोक्ताहरूको भेलाबाट अनुगमन समिति सहितको उपभोक्ता समिति गठन भएको निर्णय,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) आर्थिक कारोबार सञ्चालन गर्न उपभोक्ता समितिका सदस्यहरू मध्येबाट छनोट भएका पदाधिकारीहरूको निर्णय सहितको नामावली र बैंक खाताको विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताका लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) पर्यटन पूर्वाधार निर्माणका लागि स्वीकृत कार्यक्रम बमोजिमको स्थान किटान भएको उपभोक्ता समूहको निर्णय,

(च) उपभोक्ता समितिका सदस्यहरूको नागरिकताको प्रतिलिपि,

(छ) प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाको हकमा समिति, समूह वा संस्था दर्ता, नवीकरण र प्रत्यक्ष लाभग्राहीहरूको आम भेलाबाट भएको निर्णयको प्रतिलिपि।

(३) दफा ५ बमोजिम स्वीकृत लागत अनुमान र उपदफा (२) बमोजिम पेश भएका कागजातका आधारमा कार्यालयले कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिमको शर्तहरू सहितको ढाँचामा सम्बन्धित उपभोक्ता समिति वा उपदफा (२) को खण्ड (छ) बमोजिमका समिति, समूह वा संस्थासँग सम्झौता गर्न सक्नेछ।

(४) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाबाट सञ्चालित हुने निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सम्बन्धित कार्यालयबाट सहमति लिएर बाहेक हेभि मेसिन (लोडर, एक्साभेटर, रोलर, डोजर आदि) प्रयोग गर्न पाइने छैन।

(५) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थासँग सम्झौता भई सञ्चालन हुने आयोजनाको Drawing Design र Specification बमोजिमको निर्माण सामग्रीको गुणस्तर र आयोजनाको गुणस्तरको सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाको वा कार्यालयको हुनेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

(६) पर्यटन पूर्वाधार निर्माणका कार्य गर्दा स्थानीय सामग्रीको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(७) पर्यटन पूर्वाधार निर्माण अन्तर्गतको पदमार्गको चौडाइ बढीमा पाँच फिटसम्मको र सिँढी आवश्यक पर्ने ठाउँमा प्रत्येक सिँढीको चौडाइ कम्तिमा एक फुट र उचाई बढीमा एक फुटको हुनु पर्नेछ। उक्त पदमार्ग निर्माण गर्दा प्राविधिकले स्थलगत अनुगमन गरी आवश्यकताका आधारमा पदमार्ग निर्माण गर्ने गरी लागत अनुमान तथा Drawing design गर्नु पर्नेछ।

(८) पर्यटन पूर्वाधार निर्माण अन्तर्गतको साइकल मार्ग निर्माण गर्दा ड्रइङ डिजाइनमा चार पाङ्ग्रे सवारी साधन गुढ्न नसक्ने प्रबन्ध गरी बढीमा छ फिटसम्म चौडाइ कायम गर्नु पर्नेछ।

(९) पर्यटन पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सामुदायिक भवन तथा पार्क, मठ मन्दिर, गुम्बा निर्माण गर्दा निजी जग्गामा निर्माण गर्न पाइने छैन तर प्रचलित कानुन बमोजिम दर्ता भएको समिति, समूह वा संस्थाको नाममा रहेको जग्गामा पार्क, मठ मन्दिर तथा गुम्बा निर्माण गर्न कुनै बाधा पर्ने छैन।

(१०) निजी जग्गामा नयाँ पदमार्ग निर्माण गर्नु पर्ने भएमा स्थानिय तहको रोहबरमा सम्बन्धित जग्गाधनीहरूको मञ्जुरीनामा लिनु पर्नेछ।

(११) उपभोक्ता समितिको गठन तथा सो सम्बन्धी अन्य विषयमा गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ बमोजिम हुनेछ।

७. <u>उपभोक्ता समिति आफैंले गर्नु पर्ने:</u> दफा ६ बमोजिम उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थालाई जिम्मा दिएको पूर्वाधार निर्माणको काम समिति आफैंले गर्नु पर्नेछ।

८. <u>अभिमुखीकरण कार्यक्रम गर्नु पर्ने:</u> कार्यालयले आयोजना कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीलाई देहायका विषयमा अभिमुखिकरण गर्न सक्नेछः-

(क) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नु पर्ने अवधि, उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) रकम निकासा प्रक्रिया,

(ङ) योजना कार्यान्वयन र अभिलेख प्रक्रिया,

(च) योजना फरफारक र सामाजिक परीक्षण,

(छ) निर्माण सम्बन्धी प्राविधिक विषयहरू,

(ज) अन्य आवश्यक विषयहरू।

९. <u>आयोजना सूचना पाटी राख्नु पर्ने:</u> उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भइसकेका समिति, समूह वा संस्थाबाट सम्झौता बमोजिमको काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम सुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा आयोजनास्थलमा आयोजना सूचना पाटी राख्नु पर्नेछ।

माननीय मित्रलाल वस्याल
मन्त्री

१०. **कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेः** (१) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाले निर्माण कार्य सम्पन्न गरिसकेपछि त्यस कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ खर्च सार्वजनिक गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा आयोजना निर्माण स्थलको निर्माण कार्य शुरु हुन पूर्व, निर्माण चरण र निर्माण सम्पन्न भएपश्चातका फोटोहरू समावेश गर्नु पर्नेछ।

११. **भुक्तानीः** (१) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाले निर्माण कार्य सम्पन्न गरिसकेपछि कार्यालयले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गरी विनियोजित रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण र दफा १० बमोजिमको कार्य सम्पन्न प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातका आधारमा उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थालाई सम्झौतामा भएको व्यवस्था अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात प्रचलित कानुन बमोजिम भुक्तानी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भुक्तानी गर्दा विनियोजित बजेटको खर्च शिर्षकमा स्रोत सुनिश्चित गरी खर्च लेख्नु पर्नेछ।

१२. **अभिलेख राख्नु पर्नेः** कार्यालयले उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थाबाट निर्माण कार्य गराउदा सो को अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता समिति तथा निर्माण सम्पन्न पूर्वाधारको अभिलेख राख्नु पर्नेछ।

१३. **उपभोक्ता समितिबाट निर्माण हुने पर्यटन पूर्वाधार सम्बन्धी अन्य व्यवस्थाः** उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका समिति, समूह वा संस्थासँग सम्झौता भई सम्पन्न हुने पर्यटन पूर्वाधार निर्माण सम्बन्धी अन्य व्यवस्था गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-३
## पर्यटन प्रवर्धन सम्बन्धी व्यवस्था

१४. **पर्यटन प्रवर्धन कार्यक्रमः** (१) विनियोजित बजेटको परिधिभित्र रही प्रदेश भित्रका मुख्य मुख्य धार्मिक एवम् प्रमुख पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार तथा प्रवर्धन गर्न मन्त्रालयले देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछः

(क) पर्यटन बजारीकरण तथा प्रवर्द्धनात्मक कार्यहरू नयाँ गन्तव्यलाई केन्द्रित गरी सञ्चालन गरिने,

(ख) प्रदेशमा रहेका पर्यटकीय उपजहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,

माननीय मित्रलाल बस्याल
मन्त्री

(ग) पर्यटन प्रवर्धनका लागि घरपझोङ गाउँपालिकासँगको सहकार्यमा पहिले घर देश अनि परदेश कार्यक्रम सञ्चालन गर्ने,

(घ) नेपालका प्रमुख शहरहरूमा पोखरा जाउँ प्रकृति र संस्कृतिसँग रमाउँ अभियान सञ्चालन गर्ने,

(ङ) प्रदेशमा रहेका ऐतिहासिक, धार्मिक, पूरातात्विक कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रचार प्रसार गर्ने,

(च) प्रदेशभित्रका पदमार्ग र पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा प्रचारप्रसार गर्ने,

(छ) प्रख्यात पदयात्री/सेलिब्रेटी कलाकारहरूसँग पर्यटकीय पदयात्रा कार्यक्रम सञ्चालन गर्ने,

(ज) अल्पाइन स्पोर्टस कार्यक्रममा सहयोग गर्ने र

(ज) प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन र प्रचारप्रसारका लागि भिडियो सामाग्री, बुकलेट, प्रोफाइल, क्याट्लक तथा ब्रोसियर लगायत प्रचारात्मक सामाग्रीहरूको निर्माण तथा छपाइ गर्ने।

(२) उपदफा (१) बमोजिमका कार्यक्रमहरू प्रदेश भित्र र प्रदेश बाहिर समेत सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयले पर्यटन व्यवसायसँग आवद्ध संघ संस्थासँगको साझेदारीमा समेत गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा साझेदार संघ संस्थाले कम्तीमा बिस प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम पर्यटन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नेपाल पर्यटन बोर्ड र कार्यक्रम सञ्चालन हुने स्थानीय तहको समेत सहयोग लिन सकिनेछ।

१५. <u>धार्मिक, साँस्कृतिक तथा आरोग्य पर्यटनको विकास एवम् प्रवर्द्धनः</u> (१) प्रदेशभित्रका महत्त्वपूर्ण धार्मिक पर्यटकीय स्थलहरूको संरक्षण, विकास, प्रचारप्रसार एवम् सँस्कृति प्रवर्धनका साथै आरोग्य पर्यटन प्रवर्धनका लागि देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछः

(क) धार्मिक पर्यटनको विकास एवम् प्रचारका लागि पिठाधीस, धर्मगुरु तथा विशिष्ट व्यक्तिहरूलाई प्रदेशका मुख्य धार्मिक तिर्थस्थलहरूको भ्रमण तथा धार्मिक क्रियाकलाप गराउने,

(ख) धार्मिक पर्यटकीय स्थलहरू समावेश गरी पुस्तक, ब्रोसियर, श्रव्यदृष्य सामाग्रीहरू निर्माण तथा वितरण गर्ने,

(ग) धार्मिक पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचार प्रसारका गतिविधिहरू सञ्चालन गर्ने,

माननीय मित्रलाल बस्याल
मन्त्री

(घ) आरोग्य पर्यटन प्रवर्धनका लागि योग/ध्यान शिविर लगायतका आध्यात्मिक कार्यक्रम सञ्चालन गर्ने।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि धार्मिक, साँस्कृतिक एवम् योग/ध्यान शिविर सञ्चालन गर्ने संघ संस्थासँग आवश्यक समन्वय, सहकार्य र साझेदारीमा गर्न सकिनेछ।

१६. **प्रस्ताव पेस गर्नु पर्नेः** (१) दफा १४ र १५ बमोजिम मन्त्रालयले कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम सञ्चालनका लागि लाग्ने खर्चको लागत अनुमान, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धी समेत समावेश भएको कार्यक्रम प्रस्ताव तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(२) दफा १४ को उपदफा (३) र दफा १५ को उपदफा (२) बमोजिम संघ संस्था सँगको साझेदारी कार्यक्रम सञ्चालन गर्दा खर्चको लागत अनुमान, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धी समेत समावेश भएको प्रस्ताव लिई स्वीकृत गर्नुपर्नेछ।

१७. **कार्यक्रम सम्झौता गर्नु पर्नेः** (१) दफा १६ (२) बमोजिम निर्णय भएका प्रस्ताव उपर मन्त्रालयको सम्बन्धित शाखाले कार्यक्रम सञ्चालनको खाका सहित शर्त तोकी सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौताका आधारमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१८. **भुक्तानीका लागि पेस गर्नु पर्नेः** (१) दफा १७ बमोजिम कार्यक्रम सम्पन्न भएपछि सम्पादित क्रियाकलापलाई पुष्टी गर्ने आवश्यक तथ्याङ्क, सहभागीको विवरण, छलफलका विषय, कार्यक्रमको उपलब्धी, कार्यक्रमका तस्वीर, आवश्यकता अनुसारको भिडियो सामग्री आदि समावेश भएको कार्यसम्पन्न प्रतिवेदन सहित खर्च पुष्ट्याई गर्ने बिल भरपाई र अन्य आवश्यक कागजातहरू संलग्न राखी भुक्तानीका लागि मन्त्रालय समक्ष निवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त बिल भरपाई र अन्य कागजातको आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा मन्त्रालयले भुक्तानी दिनेछ।

१९. **अनुदान सहयोग वितरणका आधारः** (१) प्रदेशको उद्योग तथा पर्यटन प्रवर्धनका लागि प्रदेशभित्र सञ्चालन हुने उद्योग र पर्यटन लक्षित मेला, महोत्सव, जात्रा, पर्यटन खेलकुद प्रतियोगिता आदि कार्यक्रमका लागि सहयोग उपलब्ध गराउन देहाय बमोजिमको आधार तय गरिएको छः

(क) कार्यक्रम साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वको हुनु पर्नेछ।

(ख) गण्डकी प्रदेशको कुनै भूगोल विशेषलाई समेट्ने मेला, जात्रा वा पर्व हुनु पर्नेछ।

(ग) साँस्कृतिक, ऐतिहासिक रुपमा मनाइने पर्व मेला जात्रा आदिमा पर्यटकहरू सहभागी हुनु पर्नेछ।

(घ) मेला, पर्व, जात्रा आदिले पर्यटकीय गतिविधि साथै आर्थिक क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने हुनु पर्नेछ।

(ङ) उद्योग व्यवसायलाई प्रवर्धन गर्ने खालको मेला महोत्सव हुनु पर्नेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

(च) खेल पर्यटन सम्बन्धी कार्यक्रम आन्तरिक र बाह्य पर्यटकहरू आकर्षित गर्ने हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग वाणिज्य संघले आयोजना गर्ने मेला महोत्सवलाई सहयोग उपलब्ध गराउँदा स्टलसहितको मेला महोत्सवमा उद्यमीहरूबाट उत्पादित सामाग्रीको प्रदर्शन गर्नको लागि उद्यमी व्यवसायीहरूको संघ संस्थालाई निःशुल्क स्टल उपलब्ध गराउने गरी अनुदान उपलब्ध गराइनेछ।

तर अन्य संघ संस्थाहरुबाट आयोजना हुने मेला महोत्सवको हकमा मन्त्रालयले स्टल बाहेक पनि अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

२०. <u>अनुदान सहयोग रकम वितरण:</u> (१) मेला महोत्सवका लागि सहयोग रकम प्राप्त गर्न इच्छुक संघ संस्थाले कार्यक्रम हुनु अगाडि मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव उपर निर्णय गर्दा कार्यक्रमले समेट्ने क्षेत्र, औचित्यता तथा महत्वका आधारमा बढीमा एक लाख रुपैयाँसम्म अनुदानको रकम निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम निर्धारण भएपछि कार्यक्रम सञ्चालन पूर्व सम्बन्धित संघ संस्थाले मन्त्रालयसँग कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता गर्नुपर्नेछ।

(४) सम्झौताको शर्त बमोजिम कार्यसम्पन्न प्रतिवेदन र पेश भएका विल भरपाईका आधारमा स्वीकृत रकममा प्रचलित कानून अनुसार कर कट्टी गरी बाँकी रकम सम्बन्धित संघ संस्थाको बैंक खातामा जम्मा हुने गरी उपलब्ध गराइनेछ।

२१. <u>दिवस र नयाँ वर्ष मनाउने:</u> (१) मन्त्रालय तथा कार्यालयले उद्योग र पर्यटनसँग सम्बन्धित विभिन्न दिवस मनाउने सम्बन्धमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ:

(क) पर्यटन दिवस मनाउने,

(ख) HAAN सँगको सहकार्यमा नेपाली नयाँ वर्ष र REWAN सँगको सहकार्यमा अंग्रेजी नयाँ वर्ष पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने,

(ग) उद्योग दिवस र अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस मनाउने।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ:

(क) पर्यटन प्रवर्धनमा सहयोग पुग्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याती प्राप्त व्यक्तित्वहरूलाई प्रदेशमा आमन्त्रण गरी छलफल तथा अन्तरक्रिया गर्ने,

(ख) आमन्त्रित व्यक्तित्वहरूलाई प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरूको अवलोकन भ्रमण गराउने,

(ग) पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विविध क्रियाकलाप सञ्चालन गर्ने।

माननीय मित्रलाल बस्याल
मन्त्री

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमका दिवसहरू मनाउँदा उद्योगीलाई सम्मान, छलफल तथा अन्तर्क्रिया, प्रभातफेरी, सचेतना लगायतका विविध कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) यस दफा बमोजिमको कार्यक्रमका लागि प्रचलित प्रदेश खर्चको मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।

२२. **विश्व सम्पदा सूचीमा सुचिकृत गर्ने सम्बन्धमा समन्वय, सहकार्य र अन्तर्क्रियाः** (१) गोरखा दरबार, मनकामना मन्दिर, लिगलिग कोट दरबार, क्होलासोथार, लमजुङ दरबार, विन्ध्यवासिनी मन्दिर, लोमान्थाङ दरबार, मुक्तिनाथ मन्दिर, बागलुङ कालिका, पूर्कोट कालिका लगायतका सम्पदालाई विश्व सम्पदा सूचीमा सुचिकृत गर्ने सम्बन्धमा मन्त्रालयले नेपाल सरकार, सम्बन्धित स्थानीय तह र नेपाल सरकारले तोकेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र सहकार्य गर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित सम्पदालाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने सम्बन्धमा मन्त्रालयले सम्बन्धित स्थानीय तह र सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया समेत गर्नु पर्नेछ।

२३. **पर्वतारोहीलाई सहयोग तथा सम्मान कार्यक्रमः** (१) प्रदेशभित्र स्थायी बसोबास रहेका पर्वतारोहीले नेपालका आठ हजार मिटर भन्दा अग्ला हिमाल मध्ये कम्तिमा एउटा हिमाल आरोहण गरेमा त्यस्ता पर्वतारोहीलाई प्रोत्साहन स्वरुप मन्त्रालयले निर्णय गरी आर्थिक सहयोग तथा सम्मान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग तथा सम्मानका लागि सम्बन्धित पर्वतारोहीले हिमाल आरोहण गरेको पुष्टि हुने कागजात सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

२४. **पदमार्गहरूमा सूचना पाटी तथा संकेत चिन्हहरूको व्यवस्थाः** (१) प्रदेशभित्रका प्रमुख पर्यटकीय पदमार्गमा हुने पदयात्रालाई सहज बनाउन विभिन्न जानकारीमूलक सूचना पाटी तथा संकेत चिन्हहरू राखिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना पाटी र संकेत चिन्हहरू राख्दा त्यस्ता चिन्ह राखिएको स्थानको नाम, गन्तव्य सम्मको दुरी, समयावधि, रुट नक्सा, नजिकका बासस्थान लगायत अन्य जानकारीमूलक सूचना तथा संकेत चिन्हहरू राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा ट्रेकिङ् एजेन्सीहरू लगायत सम्बन्धित स्थानीय तह एवम् संघ संस्थाहरूको समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ ।

## परिच्छेद-४

## उद्यमशीलता, सिप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम

२५. **सिप विकास तालिम सञ्चालनः** (१) तालिम सञ्चालन गर्दा देहाय बमोजिमका तालिमको अवधि अनुसार सञ्चालन गरिनेछः

(क) सात देखि पन्ध्र दिनसम्मको छोटो अवधिको तालिम,

(ख) सोह्र देखि पैंतालिस दिनसम्मको मध्यम अवधिको तालिम,

(ग) छयालिस देखि नव्वे दिनसम्मको लामो अवधिको तालिम ।

माननीय मित्रलाल बस्याल
मन्त्री

(२) उपदफा (१) बमोजिमको तालिम प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वा व्यवसायिक तथा सिप विकास तालिम प्रतिष्ठान वा गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठानबाट निर्धारण भएका पाठ्यक्रम अनुसार सञ्चालन गरिनेछ।

(३) सिप विकाससँग सम्बन्धित छोटो अवधिका तालिम सञ्चालन गर्न स्वीकृत पाठ्यक्रम उपलब्ध नभएमा संक्षिप्त पाठ्यक्रम तयार गरी मन्त्रालयबाट स्वीकृत गराइ कार्यान्वयन गर्न सकिनेछ।

(४) मध्यम र लामो अवधिका तालिम सञ्चालन गर्दा कम्तिमा तीन दिनको उद्यमशीलता विकास तालिम समावेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका अवधिका तालिम सञ्चालन गर्दा सम्बन्धित जिल्लामा बढी सम्भावना र महत्वका विषयसँग सम्बन्धित तालिम सञ्चालन गर्नु पर्नेछ।

(६) सिप विकास तालिम उद्योग व्यवसायसँग आवद्ध संघ संस्थासँग साझेदारीमा सञ्चालन गर्न सकिनेछ।

(७) कार्यालयले सिप विकास तालिम लिएका प्रशिक्षार्थीहरूको व्यक्तिगत विवरण सहितको अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

२६. <u>तालिम कार्यक्रम सञ्चालनको ढाँचाः</u> (१) दफा २५ बमोजिमको तालिम सञ्चालन गर्दा देहाय बमोजिमको ढाँचामा सञ्चालन गर्नु पर्नेछः

(क) सूचना प्रकाशन/प्रवाह

(ख) सहभागी छनोट

(ग) तालिम सञ्चालन

(घ) सहजीकरण

(ङ) अनुगमन र मूल्याङ्कन

(च) प्रतिवेदन

(२) तालिम कार्यक्रममा सहभागी छनोट गर्न कार्यालय प्रमुखले आवश्यकता अनुसार तीन सदस्यीय छनोट समिति गठन गर्न सक्नेछ।

(३) तालिम सम्पन्न भइसकेपछि प्रशिक्षार्थीहरू उद्यमी बने नबनेको सम्बन्धमा कार्यालयले व्यवस्थित अभिलेख राख्नु पर्नेछ र आर्थिक वर्षको अन्तमा सोको विवरण मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(४) तालिमका प्रशिक्षार्थी छनोट तथा तालिम सञ्चालन सम्बन्धमा स्थानीय तहमा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग समन्वय गर्न सकिनेछ।

२७. <u>तालिम प्रशिक्षक छनोटः</u> तालिमको लागि प्रशिक्षक छनोट गर्दा प्रचलित कानुन बमोजिम योग्यता पुगेको व्यक्ति छनोट गर्नु पर्नेछ।

तर परम्परागत सिपमा आधरित र कुनै विशेष शैक्षिक योग्यता आवश्यक नपर्ने विषयको तालिम सञ्चालनका लागि प्रशिक्षक छनोट गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

२८. <u>तालिम कार्यक्रमको लागत अनुमानः</u> (१) तालिम सञ्चालन गर्दा देहायका शिर्षक बमोजिमको लागत अनुमान तयार गर्नु पर्नेछः-

माननीय मित्रलाल बस्याल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(क) तालिम उद्‌घाटन र समापन

(ख) सहभागी र प्रशिक्षकको खाजा खर्च

(ग) तालिम सामग्री खर्च

(घ) सहभागीलाई स्टेशनरी र तालिम स्टेशनरी खर्च

(ङ) प्रतिवेदन लेखन र प्रमाण पत्र छपाइ खर्च

(च) प्रशिक्षक खर्च

(छ) तालिम अनुगमन र मूल्याङ्कन खर्च

(ज) तालिम संयोजन र सहयोगी खर्च (बढीमा तीन जनासम्म)

(झ) हलभाडा (तालिम दिँदा सम्भव भएसम्म कार्यालय वा अन्य सरकारी निकाय वा सार्वजनिक संघ संस्थाको हल प्रयोग गर्नु पर्नेछ।)

(ञ) विविध

(२) उपदफा (१) बमोजिमको लागत अनुमान बनाउदा गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम गर्नु पर्नेछ।

२९. **तालिमबाट उत्पादित सामाग्रीको बिक्रीः** (१) तालिमबाट उत्पादित सामाग्रीहरूको मूल्य निर्धारण गरी बिक्री गर्न देहाय बमोजिमको एक बिक्री मूल्य निर्धारण समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, कार्यालय | संयोजक |
| (ख) जिल्लास्थित प्रदेश लेखा इकाइको प्रतिनिधि | सदस्य |
| (ग) सम्बन्धित तालिम प्रशिक्षक | सदस्य |
| (घ) जिन्सी वा लेखा हेर्ने कर्मचारी, कार्यालय | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले तालिममा प्रयोग भएको कच्चा पदार्थ र सहायक कच्चा पदार्थको गुणस्तरको आधारमा मूल्याङ्कन गर्दा परल मूल्यमा बढीमा पच्चीस प्रतिशतसम्म मूल्य घटाइ बिक्री मूल्य कायम गर्नु पर्नेछ।

(३) तालिम सञ्चालन भइरहेको समयमा प्रशिक्षार्थी, कोसेली घर वा स्थानीय व्यक्तिले उत्पादित सामाग्री खरिद गर्न चाहेमा मूल्याङ्कन गरी कायम भएको मूल्यमा तीस प्रतिशतसम्म छुट हुने गरी बिक्री गर्न सकिनेछ।

(४) बिक्री नभएका उत्पादित सामाग्रीहरू तालिम समापन भएको सात दिनभित्र जिन्सी दाखिला गर्नु पर्नेछ। यसरी दाखिला भएको सामाग्रीहरू छ महिनाभित्र उपदफा (२) बमोजिमको छुट मूल्यमा बिक्री गर्नु पर्नेछ।

(५) जिन्सी दाखिला भएको मितिले छ महिना सम्ममा पनि उपदफा (२) बमोजिमको छुट मूल्यमा बिक्री हुन नसकेमा उपदफा (२) बमोजिम कायम भएको मूल्यको पचास प्रतिशत छुट मूल्यमा बिक्री गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम उक्त सामाग्रीहरू एक वर्षसम्ममा पनि बिक्री नभएमा प्रचलित कानुन बमोजिम हस्तान्तरण गर्न वा धुल्याउन सकिनेछ।

३०. **प्रचलित कानुन बमोजिम गर्नु पर्नेः** दफा २५ बमोजिमको तालिम सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

३१. **मागमा आधारित सिपमूलक तालिम कार्यक्रमः** (१) संघ संस्थासँगको सहकार्यमा मन्त्रालयले मागमा आधारित सिपमूलक तालिम कार्यक्रम सञ्चालन गर्नेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा संघ संस्थाको आर्थिक तथा प्राविधिक साझेदारी भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा संघ संस्थाको साझेदारीको हिस्सा र तालिम कार्यक्रमको गाम्भिर्यताका आधारमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा बजेटको परिधिभित्र रही मन्त्रालयले बढीमा साठी प्रतिशतसम्मको लागत साझेदारी गर्न सक्नेछ। यसरी मन्त्रालयबाट लागत साझेदारी भएको कार्यक्रममा अन्य सरकारी निकायबाट दोहोरो पर्ने गरी लागत साझेदारी गर्न पाइने छैन।

तर, लागत साझेदारीमा अन्य सरकारी निकायको समेत लागत साझेदारी हुने भएमा कार्यक्रम सञ्चालन गर्नु पूर्व साझेदार सबै निकायको स्पष्ट अंश खुल्ने गरी कार्यक्रम सम्झौता गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम तालिम सञ्चालन गर्दा सम्बन्धित संघ संस्थाले मन्त्रालय वा कार्यालय मार्फत प्रस्ताव पेश गर्न सक्नेछन।

(६) उक्त तालिमको अनुगमन र अभिलेख व्यवस्थापन सम्बन्धित जिल्लाको कार्यालयले गर्नुपर्नेछ।

## परिच्छेद-५

## प्रविधि (मेसिन, उपकरण) खरिदमा अनुदान

३२. **उद्योग प्रवर्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरणः** (१) प्रचलित कानुन बमोजिम कार्यालयमा दर्ता भई उद्योग सञ्चालन गरिरहेका उद्यमीहरूलाई सञ्चालित उद्योगको विकास र प्रवर्धनका लागि साझेदारीमा निजहरूको पचास प्रतिशत लागत साझेदारीमा उपयुक्त तथा आधुनिक प्रविधि खरिदका लागि अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम प्रविधि खरिदमा अनुदान रकम उपलब्ध गराउदा प्रविधिको कुल मूल्यको पचास प्रतिशत रकम वा पचास हजार रुपियाँ मध्ये जुन कम हुन्छ सोही रकम त्यस्तो प्रविधि खरिदका लागि कार्यालयले उपलब्ध गराउनेछ।

३३. **स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई अनुदानः** (१) प्रचलित कानुन बमोजिम दर्ता भइ सञ्चालनमा रहेका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विकास र प्रवर्धनका लागि साझेदारीमा निजहरूको पचास प्रतिशत लागत साझेदारीमा उपयुक्त तथा आधुनिक प्रविधि खरिदका लागि अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रविधि खरिदमा अनुदान रकम उपलब्ध गराउदा प्रविधिको कुल मुल्यको पचास प्रतिशत रकम वा एक लाख रुपियाँ मध्ये जुन कम हुन्छ सोही रकम त्यस्तो प्रविधि खरिदका लागि कार्यालयले उपलब्ध गराउनेछ।

३४. **परम्परागत शिल्पीहरूलाई आधुनिक प्रविधिका उपकरण हस्तान्तरणः** (१) परम्परागत सिपको संरक्षण तथा विकास गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भइ सञ्चालनमा रहेका फर्म, कम्पनी, संघ, संस्था वा समूहका लागि निजहरुको पचास प्रतिशत लागत साझेदारीमा आधुनिक प्रविधिका उपकरण हस्तान्तरण गरिनेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

(२) उपदफा (१) बमोजिम उपकरण हस्तान्तरणका लागि कार्यक्रम सञ्चालन हुने निकायले कुल उपकरणको कुल पचास प्रतिशत वा एक लाख रुपियाँ मध्ये जुन कम हुन्छ सोही रकम त्यस्तो प्रविधि खरिदका लागि उपलब्ध गराउनेछ।

(३) यस दफा बमोजिमको कार्यक्रम सञ्चालन गर्नु अघि सो कार्यक्रमको अवधारणा पत्र सहितको कार्यक्रम प्रस्ताव स्वीकृत गराउनु पर्नेछ।

गण्डकी प्रदेश सरकार उद्योग तथा ... मन्त्रालय पोखरा, नेपाल

३५. <u>प्रस्ताव आव्हान:</u> (१) दफा ३२ र ३३ बमोजिम प्रविधि हस्तान्तरणका लागि प्रस्ताव आव्हान गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) इच्छुक उद्यमीहरूबाट दफा ३२ र ३३ बमोजिमको प्रविधि मागको प्रस्ताव पेश गर्न कार्यक्रम सञ्चालन गर्ने निकायले राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र दिनको समय दिई छुट्टाछुट्टै सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मन्त्रालय तथा सम्बन्धित कार्यालयको वेवसाइटमा राख्नुका साथै सूचना पाटीमा समेत टाँस्नु पर्नेछ।

(ख) इच्छुक उद्यमीहरूले सूचनामा तोकिएको मितिभित्र सम्बन्धित कार्यालयमा आफूलाई आवश्यक प्रविधिको विवरण सहित कार्यक्रम शिर्षकका आधारमा अनुसूची-५ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ग) उद्यमीहरूले कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा उद्योग व्यवसाय दर्ता, नवीकरण, PAN/VAT दर्ता, कर चुक्ता पत्र, अघिल्ला पाँच आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वःघोषणापत्र र व्यवसायिक योजना समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

(२) दफा ३४ बमोजिमको प्रविधिको माग सम्बन्धी प्रस्ताव पेश गर्न कार्यक्रम सञ्चालन गर्ने निकायले पन्ध्र दिनको समय सिमा दिई इच्छुक फर्म, कम्पनी, संघ, संस्था वा समूहबाट प्रस्ताव माग गर्नेछ।

३६. <u>मूल्याङ्कन तथा छनोट समितिः</u> (१) दफा ३५ को उपदफा (१) बमोजिम प्राप्त प्रस्तावहरू मूल्याङ्कन गरी उपयुक्त प्रस्तावहरू छनोट गर्नको लागि सम्बन्धित कार्यालयमा एक मूल्याङ्कन तथा छनोट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन तथा छनोट समितिमा देहायका सदस्यहरू रहनेछन्:

(क) उद्योग वाणिज्य तथा आपूर्ति महाशाखा प्रमुख/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत -संयोजक

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइको प्रतिनिधि -सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(घ) मन्त्रालयको उद्योग शाखा प्रमुख/कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य सचिव

माननीय मित्रलाल वस्याल
मन्त्री

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार एक जना विषय विज्ञ सहित दुईजनालाई आमन्त्रण गर्न सकिनेछ।

(६) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन तथा छनोट समितिले दफा ३२ बमोजिमको प्रविधि हस्तान्तरणको लागि अनुसूची-६ र दफा ३३ बमोजिमको स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रविधि हस्तान्तरणका लागि अनुसूची-७ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(७) मूल्याङ्कन तथा छनोट समितिले प्राप्त प्रस्ताव मूल्याङ्कन गरी न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्ताव योग्यता क्रमका आधारमा सूची तयार गर्नेछ।

तर, दफा ३३ बमोजिमका उद्योगलाई प्रविधि हस्तान्तरण गर्दा पचास प्रतिशत अङ्क प्राप्त नगरेपनि योग्यताक्रमका आधारमा सूची तयार गरी छनोट गर्न बाधा पर्ने छैन।

(८) मूल्याङ्कन तथा छनोट समितिले प्राप्त प्रस्ताव मूल्याङ्कनका सिलसिलामा आवश्यकता अनुसार अनुगमन गरी गराई प्रतिवेदन लिन सक्नेछ।

(९) समितिले स्वीकृत बजेटको सिमा भित्र रही उपदफा (७) बमोजिमको योग्यताक्रमको सूचीका आधारमा बजेटको बाँडफाँट गरी स्वीकृतिका लागि सिफारिस गर्नेछ।

३७. <u>प्रस्तावको स्वीकृतिः</u> मूल्याङ्कन तथा छनोट समितिले मूल्याङ्कन गरी सिफारिस गरेका प्रस्तावहरू मन्त्रालय/कार्यालयले स्वीकृत गर्नु पर्नेछ।

३८. <u>प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियाः</u> मन्त्रालय/कार्यालयले प्रविधि हस्तान्तरण गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) मूल्याङ्कन तथा छनोट समितिले सिफारिस गरे वमोजिमको प्रविधि खरिदका लागि प्रचलित कानुनको अधिनमा रही उद्यमीसँग सम्झौता गरी उपलब्ध गराइनेछ।

(ख) कार्यालयबाट प्रदान गरिने दफा ३२ बमोजिमको प्रविधि प्राप्त गर्ने उद्यमीलाई आपूर्तिकर्ता (Supplier) ले प्रविधि उपलब्ध गराएको खण्डमा उद्यमीले आफूले बुझाउनु पर्ने रकम आपूर्तिकर्ता (Supplier) को खातामा जम्मा गर्न लगाइ कार्यालयले दफा ३२ को उपदफा (२) बमोजिमको रकम बाहेकको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ।

(ग) दफा ३३ बमोजिमको प्रविधि प्राप्त गर्ने उद्यमीलाई आपूर्तिकर्ता (Supplier) ले प्रविधि उपलब्ध गराएको खण्डमा उद्यमीले आफूले बुझाउनु पर्ने रकम आपूर्तिकर्ता (Supplier) को खातामा जम्मा गर्न लगाइ मन्त्रालयले दफा ३३ को उपदफा (२) बमोजिमको रकम बाहेकको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ।

३९. <u>प्रविधि अनुदानका शर्तहरूः</u> प्रविधि अनुदानका शर्तहरू देहाय वमोजिम रहेका छन्:-

(क) उद्यमीले अनुदान स्वरुप प्राप्त गरेको प्रविधि उद्योग सञ्चालनको उद्देश्य अनुरुप बाहेक अन्यत्र प्रयोग गर्न पाइने छैन।

(ख) कार्यालयबाट प्राप्त गरेको उक्त प्रविधि अरुलाई हक हस्तान्तरण वा विक्री वितरण गर्न पाइने छैन। उक्त प्रविधि अरुलाई हक हस्तान्तरण वा विक्री वितरण गरेमा प्रचलित

माननीय मित्रलाल वस्याल
मन्त्री

कानुन वमोजिम असुल उपर गरी त्यस्ता उद्यमीलाई यस कार्यक्रमबाट पुनः प्रविधि उपलब्ध गराइने छैन।

(ग) सम्झौता वमोजिम प्रविधिको उपयोग नगर्ने उद्यमीलाई उपलब्ध गराइएको प्रविधि वापतको रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

(घ) एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई पाँच वर्ष व्यतित नभई पुनः प्रविधि उपलब्ध गराइने छैन।

(ङ) प्रविधि हस्तान्तरण गर्दा एक पटक पनि प्रविधि प्राप्त नगरेका उद्यमीलाई प्राथमिकता दिनु पर्नेछ।

(च) कार्यालयले उद्यमीलाई अनुदानमा उपलब्ध गराइएको प्रविधिमा कार्यालयको नाम, अनुदान रकम तथा प्रदान गरिएको आर्थिक वर्ष खुल्ने गरी Permanent स्टिकर टाँस गरी प्रदान गर्नुपर्नेछ।

४०. <u>अनुगमन, निरीक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u> (१) यस मापदण्ड बमोजिम उपलब्ध गराइने प्रविधिको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले समय समयमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको निरीक्षण अनुगमन गर्न र गराउन सक्नेछ।

(३) कार्यालयले अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनमा प्रविधि हस्तान्तरण पश्चात उद्यमी र प्रविधिको तस्वीर र भिडियो डकुमेन्ट्री समेत समावेश गर्न सकिनेछ।

## परिच्छेद-६

## <u>घरबास (होमस्टे) सँग सम्बन्धित कार्यक्रम</u>

४१. <u>होमस्टे सञ्चालकलाई क्षमता अभिवृद्धि तालिमः</u> (१) प्रचलित कानुन बमोजिम दर्ता भई प्रदेश भित्र सञ्चालनमा रहेका होमस्टेका सञ्चालकहरूको क्षमता अभिवृद्धिका लागि देहाय बमोजिमका तलिम कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछः

(क) नेतृत्व विकास तालिम,

(ख) सूचना प्रविधि सम्बन्धी तालिम,

(ग) साँस्कृतिक विकास सम्बन्धी तालिम र

(घ) पाक शिक्षा तालिम।

(२) उपदफा (१) बमोजिम तालिम कार्यक्रममा कम्तिमा दश जना होमस्टे सञ्चालकको सहभागिता हुनु पर्नेछ र कार्यक्रमको अवधि कम्तिमा तीन दिनको हुनु पर्नेछ।

(३) मन्त्रालयले सम्बन्धित विषयमा जानकार व्यक्तिलाई तालिम प्रशिक्षकको रुपमा छनोट गर्न सक्नेछ। तालिम कार्यक्रम मन्त्रालय स्वयंले वा कुनै संघ संस्थासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्रम सञ्चालनका सम्बन्धमा लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेछ।

माननीय मित्रलाल वस्याल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(५) तालिम कार्यक्रम सैद्धान्तिक र प्रयोगात्मक दुवै हुनेछ।

४२. <u>होमस्टेको असल अभ्यास आदानप्रदान कार्यक्रमः</u> (१) होमस्टे महासंघ नेपाल, गण्डकी प्रदेश पोखरासँगको सहकार्यमा प्रदेशभित्रका होमस्टे सञ्चालकहरूलाई होमस्टेहरूमा भएका असल अभ्यासका सम्बन्धमा अनुभव आदानप्रदान गराइनेछ।

(२) असल अभ्यास आदानप्रदान कार्यक्रममा सहभागी छनोट गर्दा कुनै एक सामुदायिक होमस्टेबाट बढीमा दुईजना सञ्चालकलाई छनोट गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम होमस्टेका असल अभ्यास आदानप्रदानका लागि गन्तव्य होमस्टे छनोट गर्दा जाति विशेषको धर्म, संस्कृति र पहिचान झल्कने, कला संस्कृतिको संरक्षण र जगेर्ना गर्ने गरेका तथा कुनै विशेष पहिचान बनाएका होमस्टेलाई प्राथमिकता दिइनेछ।

(४) कार्यक्रम सञ्चालनको ढाँचा, अवधि र लागत अनुमान सहितको कार्यक्रम प्रस्ताव मन्त्रालयबाट स्वीकृत गराइ कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४३. <u>होमस्टे (घरबास) मानकः</u> (१) होमस्टेहरूको गुणस्तर मानक निर्धारण गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ मा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद-७
## <u>विविध</u>

४४. <u>कोसेली घर स्थापना तथा सञ्चालनः</u> (१) कार्यालयले आफ्नो स्वामित्वमा रहेको जग्गा वा भवनमा विनियोजित बजेटबाट कोसेली घरको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कोसेली घर स्थापना गर्ने अवस्था नभएमा जिल्लाभित्रको कुनै स्थानीय तहको भवनमा कोसेली घर स्थापना तथा सञ्चालन गर्न सम्बन्धित स्थानीय तहसँग बढीमा दुई लाख पचास हजार रूपैयाँ लागत साझेदारीमा गर्न सकिनेछ।

(३) उद्योग व्यवसायमा आवद्ध संघ संस्था वा सामुदायिक होमस्टेसँगको सहकार्यमा कोसेली घर स्थापना तथा सञ्चालन गर्नुपर्ने भएमा कार्यालयले त्यस्ता संघ संस्था वा सामुदायिक होमस्टेसँग अनुसूची-८ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावलाई कार्यालयले निर्णय गरी कोशेली घर स्थापना तथा सञ्चालन सम्बन्धी सम्झौता गर्न सक्नेछ।

तर उपदफा (१) बमोजिमको कोसेली घर स्थापनामा कुनै उद्योग व्यवसायमा आवद्ध संघ संस्थाहरूको लागत साझेदारी भएको भए एक पटकका लागि त्यस्ता उद्योग व्यवसायमा आवद्ध संघ संस्थालाई कोसेली घर सञ्चालन गर्न दिन सकिनेछ।

(५) कोसेली घर सञ्चालन गर्दा देहाय बमोजिम गर्न सकिनेछः-

(क) उद्योग व्यवसायमा आवद्ध संघ संस्था वा होमस्टेबाट सञ्चालित कोसेली घरको पूर्वाधारमा थप सजावट,

(ख) कार्यालय परिसरमा वा स्थानीय तहको आफ्नै भवनमा स्थापना भएको कोसेली घरमा सजावट, व्यवस्थापन तथा सञ्चालन,

माननीय मित्रलाल बस्याल
मन्त्री

(ग) कोसेली घर सञ्चालनका लागि कार्यालयको परिसरमा कोसेली घर निर्माण गर्न सकिने र प्रस्तावकहरूको आफ्नै भवन नभएको अवस्थामा छनोट भएको प्रस्तावकलाई घर भाडा सम्झौताको आधारमा बढीमा दुई लाख पचास हजार रूपैयाँसम्म उपलब्ध गराउन सकिने।

(६) कोसेली घरमा स्थानीय उद्यमीहरूबाट उत्पादित सामग्री मात्र प्रदर्शन तथा बिक्री वितरण गर्ने गरी कार्यालयले कोसेली घर सञ्चालन सम्बन्धी आन्तरिक प्रणाली तयार गरी व्यवस्थित गर्न सक्नेछ।

४५. <u>पर्यटकीय सूचना केन्द्र स्थापना तथा सञ्चालन:</u> (१) पर्यटकीय सूचना केन्द्र स्थापना तथा सञ्चालनका लागि कार्यालयले उद्योग व्यवसायमा आवद्ध संघ संस्थासँग प्रस्ताव माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावलाई कार्यालयले निर्णय गरी पर्यटकीय सूचना केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी सम्झौता गर्न सक्नेछ।

४६. <u>विद्यालयस्तरमा उपभोक्ता सचेतना कार्यक्रम:</u> (१) विद्यालयस्तरमा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्दा देहायका विषयहरू समावेश गर्नु पर्नेछ:-

(क) उपभोक्ता हकहित सम्बन्धी कानुनको जानकारी,

(ख) उपभोग्य वस्तुहरू खरिद गर्दा ध्यान दिनु पर्ने विषयहरू,

(ग) अत्यावश्यक वस्तुहरू बारे जानकारी,

(घ) उपभोक्ता अधिकार र यसको सन्दर्भमा अन्य समसामयिक विषयहरूको जानकारी।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कम्तिमा माध्यमिक तहका विद्यार्थीहरूका लागि सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम विनियोजित बजेटको परिधिभित्र रही एक स्थानीय तहमा कम्तिमा एक कार्यक्रम सञ्चालन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विद्यालय र स्थानीय तहको समन्वय र सहकार्यमा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कार्यक्रम विद्यालयको कम्तिमा एक कक्षा (१ घण्टा ३० मिनेट) अवधिको हुन पर्नेछ र सो कार्यक्रममा उपभोक्ता सचेतना सम्बन्धी पर्चा समेत वितरण गर्नु पर्नेछ।

(६) उपभोक्ता सचेताना सम्बन्धी सन्देश मूलक चार्ट तयार गरी विद्यालयहरूमा राख्न सकिनेछ।

४७. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

## अनुसूची-१

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

<u>योजना सम्झौता फारम</u>

गण्डकी प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालय पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

........................................................ कार्यालय

........... गण्डकी प्रदेश ।

१. सम्झौता गर्ने पक्ष र आयोजना:

(क) उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको विवरण:

१. नाम:

२. ठेगाना:

(ख) आयोजनाको विवरण:

१. आयोजनाको नाम:

२. आयोजना स्थल:

३. आयोजनाको उद्देश्य:

४. आयोजना शुरु हुने मिति:

५. आयोजना सम्पन्न हुने मिति:

२. आयोजनाको लागत सम्बन्धी विवरण:

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने स्रोतहरू:

१. ............. कार्यालय:

२. उपभोक्ता समिति/प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्था:

३. अन्य:

(ग) वस्तुगत अनुदानको विवरण सामाग्रीको नाम र इकाई:

१. नेपाल सरकारबाट

२. प्रदेश सरकारबाट

३. स्थानीय तहबाट

४. गैह्रसरकारी संघसंस्थाबाट

५. उपभोक्ता समिति/प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाबाट

६. अन्य निकायबाट

(घ) आयोजनाबाट लाभान्वित हुने:

१. घर परिवार संख्या:

२. जनसङ्ख्या:

३. संगठित संस्था:

४. अन्य:

माननीय मित्रलाल बस्याल
मन्त्री

३. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको विवरणः

(क) गठन भएको मितिः

(ख) पदाधिकारीको नाम, ठेगाना र नागरिकता प्रमाण पत्र नं

१. अध्यक्ष

२. उपाध्यक्ष

३. कोषाध्यक्ष

४. सचिव

५. सदस्य

६. सदस्य

७. सदस्य

(ग) गठन गर्दा उपस्थित लाभान्वितको सङ्ख्याः

४. आयोजना सञ्चालन सम्बन्धी अनुभवः

५. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाले प्राप्त गर्ने रकम विवरणः

| क्र.स. | किस्ता | मिति | रकम | निर्माण सामाग्री परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | | | |
| २ | दोस्रो | | | | |
| ३ | तस्रो | | | | |
| | जम्मा | | | | |

६. आयोजना मर्मत सम्भार सम्बन्धी व्यवस्थाः

(क) आयोजना मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नामः

(ख) मर्मत सम्भारको सम्भावित स्रोत (छ/छैन खुलाउने)

जनश्रमदान ☐ सेवा शुल्क ☐ दस्तुर, चन्दाबाट ☐ अन्य केही भए☐

७. उपभोक्ता समिति वा प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता समिति/समूह/संस्थाको जिम्मेवारी तथा पालना गर्नु पर्ने शर्तहरूः

१. आयोजना मिति .................... देखि शुरु गरी मिति .......................... सम्ममा पुरा गर्नु पर्नेछ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागिमात्र प्रयोग गर्नु पर्नेछ।

३. नगदी जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ।

४. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी भुक्तानीको लागि माग गर्नु पर्नेछ।

५. आयोजनाको कुल लागत भन्दा घटि लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनुपर्नेछ।

६. उपभोक्ता समितिले प्राविधिकको राय परामर्श एवम् निर्देशन अनुरुपको काम गर्नु पर्नेछ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

माननीय मित्रलाल बस्याल
मन्त्री

७. उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित बिल भरपाईहरू, डोर हाजिर फारमहरू, जिन्सी, नगदी खाताहरू, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरू कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धी कर, दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ।

९. मुल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु. २०,००० भन्दा बढि मुल्यको सामाग्रीमा अनिवार्य रुपमा मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुप्नेछ। साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ। रु. २०,००० भन्दा कम मुल्यको सामाग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सकिनेछ। अन्यथा खरिद गर्ने पदाधिकारी स्वयं जिम्मेवार हुनेछ।

१०. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै दुई आइटममा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/ कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूह नै जिम्मेवार हुनेछ।

११. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरू मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो समिति नभए सम्बन्धित कार्यालयलाई बुझाउनुपर्नेछ। तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीका लागि बुझाउनुपर्नेछ।

१२. सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ।

१३. पूर्वाधार निर्माण सुरु हुन पूर्व, निर्माण चरण र निर्माण सम्पन्न पश्चातको तस्वीरहरू कार्यसम्पन्न प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

१४. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनुपर्नेछ। साथै आयोजनाको आवश्यक मर्मत सम्भारको व्यवस्था सम्बन्धित उपभोक्ताहरूले नै गर्नु पर्नेछ।

१५. आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा समूहले आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अनुसूचि-१४ बमोजिमको ढाँचामा सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ।

१६. आयोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

१७. आयोजनाको सबै काम प्राविधिकको राय सल्लाह बमोजिम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ।

## ८. कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरूः

१. आयोजनाको बजेट उपभोक्ता समितिको काम, कर्तव्य तथा अधिकार, खरिद लेखाङ्कन, प्रतिवेदन आदि विषयमा उपभोक्ता समितका पदाधिकारीहरूलाइ अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

माननीय मित्रलाल वस्याल
मन्त्री

२. आयोजनामा आवश्यक प्राविधिक सहयोग कार्यालयबाट उपलब्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा उपभोक्ता समितिले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ।

३. आयोजनाको प्राविधिक सुपरीवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ। उपभोक्ता समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ।

४. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराइ सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग सम्झौता रद्द गरि उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मुल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

५. आयोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ।

६. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्बन्धत उपभोक्ता समितिबाट अनुरोध भइ आएपछि उपभोक्ता समितिलाइ बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ।

७. यसमा उल्लेख भए बमोजिमका शर्तहरू पालना गर्न हामी निम्न पक्षहरू मन्जुर गर्दछौं।

**उपभोक्ता समिति/ समूहको तर्फबाट**

दस्तखत.........................
नामथर..........................
पद...............................
ठेगाना..............................
सम्पर्क नं..........................
मिति.................................
छापः ...............................

**कार्यालयको तर्फबाट**

दस्तखत.........................
नामथर..........................
पद...............................
ठेगाना..............................
सम्पर्क नं..........................
मिति.................................
छापः ...............................

माननीय मित्रलाल बस्याल
मन्त्री

अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

............... कार्यालय

..........., गण्डकी प्रदेश ।

## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नाम:

२. आयोजना संचालन गर्ने कार्यालयको नाम:

३. उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नं. :

४. आयोजनाको कुल लागत रकम रु. :

  क. आयोजनामा कार्यालयबाट व्यहोर्ने लागत रकम रु.

  ख. जनसहभागिताबाट व्यहोर्ने लागत रकम रु.

५. आयोजना सम्झौता मिति:

६. आयोजना सम्पन्न गर्ने मिति:

७. आयोजनाका प्रमुख कार्यहरू वा प्रमुख संरचनाको परिमाण वा संख्या:

माननीय मित्रलाल बस्याल

मन्त्री

अनुसूची-३

(दफा १२ सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

उद्योग तथा पर्यटन मन्त्रालय

............... कार्यालय

..........., गण्डकी प्रदेश।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

**उपभोक्ता समितिको अभिलेख**

| क.स | योजनाको नाम | ठेगाना | उपभोक्ता समितिको नाम | पदाधिकारीको नाम र सम्पर्क नं | | | बैंक | बैंक खाता नं |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | सचिव | कोषाध्यक्ष | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**आ.व....... मा निर्माण सम्पन्न पूर्वाधारको अभिलेख**

| क.स | पूर्वाधारको नाम | ठेगाना | कुल लागत रकम | पदमार्गको हकमा कुल लम्बाइ (मि/कि.मी) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः पदमार्गको हकमा कैफियत महलमा स्थानीय सामाग्रीमात्र प्रयोग भएको वा कंक्रीट भन्ने खुलाउनु पर्नेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

## अनुसूची-४
(दफा २० को उपदफा (७) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
...............कार्यालय
..........., गण्डकी प्रदेश ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

### प्रशिक्षार्थीहरूको व्यक्तिगत विवरण

तालिमको नामः
सञ्चालन अवधिः
स्थानः
प्रशिक्षकः

| क्र.सं. | नामथर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माननीय मित्रलाल वस्याल
मन्त्री

अनुसूची -५

(दफा ३४ को खण्ड (ख) सँग सम्बन्धित)

प्रविधि सहयोगको लागि उद्यमीले कार्यालयमा पेश गर्नुपर्ने निवेदन ढाँचा

मितिः

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

श्रीमान कार्यालय प्रमुखज्यू,

............................................ कार्यालय,

......................... ।

विषयः प्रविधि उपलब्ध गराई पाउँ ।

महोदय,

मेरो/हाम्रो नाममा ......................................... कार्यालयमा दर्ता भएको नं. .............. को ...................... उद्योग सञ्चालन, विस्तार र स्तरोन्नति गर्न आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौ । उल्लेखित प्रविधि हस्तान्तरण अन्तर्गतको मेशिन ...................................................... (औजार/उपकारण) उपलब्ध गराइ पाउँ ।

**निवेदकको विवरणः**

१. उद्यमीको नामः

२. उद्यमीको किसिमः (कुनै एकमा [√] चिन्ह लगाउनुहोस)

(क) वैदेशिक रोजगारीबाट फर्किएकाः

(ख) महिलाः

(ग) १८ देखि ४० वर्ष उमेर समूहका युवाः

(घ) अन्यः

३. उद्योग नामः

४. ठेगानाः

(क) गाउँपालिकाः

(ख) नगरपालिकाः

५. उद्योग दर्ता नं. र मितिः

६. उद्योगमा लगानी भएको पूँजीः

क. स्थिर पूँजी                ख. चालु पूँजी                ग. जम्मा पूँजी

७. उद्योग वा व्यवसायबाट उत्पादन हुने वस्तु तथा सेवाको विवरण (वार्षिक)

८. कच्चापदार्थको किसिमः

९. रोजगारी संख्याः

(क) स्थानीय जनतालाई रोजगारी संख्याः

(ख) स्थानीय बाहेक अन्य रोजगारी संख्याः

१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र सम्भावित मूल्यः

११. प्रविधि हस्तान्तरणको कार्यक्रमको नामः (कुनै एकमा [√] चिन्ह लगाउने)

माननीय मिनलाल बस्याल
मन्त्री

(क) सञ्चालित उद्योग प्रवर्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण

(ख) ढाका, अल्लो, केरामा आधारित उद्योगलाई साझेदारीमा प्रविधि हस्तान्तरण

(ग) स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रविधि हस्तान्तरण

**संलग्न गर्नुपर्ने कागजातहहरुः**

१. उद्योग दर्ता, नवीकरण प्रमाणपत्र

२. PAN दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व. सम्मको)

३. उद्योगको व्यवसायिक योजना (स्कीम)

४. उद्योग सञ्चालनमा रहे नरहेको सम्बन्धमा स्थानीय तह/वडाको सिफारिस

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

**निवेदक**

नामः

दस्तखत

मितिः

माननीय मित्रलाल बस्याल
मन्त्री

उद्योगको छापः

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय

## अनुसूची -६

### (दफा ३५ को उपदफा (६) सँग सम्बन्धित)

**सञ्चालित उद्योग प्रवर्धनका लागि साझेदारीमा प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव मूल्याङ्कनको आधारहरू**

| क्र. सं. | मूल्याङ्कनको आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग | १२ |
| २ | नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत प्राप्त निकायबाट तालीम लिइ उद्योग सञ्चालन गरेका उद्योग | ५ |
| ३ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिबाट सञ्चालित उद्योग | ४ |
| ४ | महिला, दलित र अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित उद्योग | ३ |
| ५ | उद्योग/व्यवसाय वर्गिकरण र सेवाको प्रकृतिका आधारमा: | ८ |
| | क) कृषि तथा पशुपालनमा मा आधारित उद्योग: ८ | |
| | ख) कोशेली (सोभेनियर) वा हस्तकलाबाट सामान उत्पादन गर्ने उद्योग भए: ७ | |
| | ग) वन पैदावरमा आधारित उद्योग: ७ | |
| | घ) परम्परागत सिप र प्रविधिमा आधारित भए: ६ | |
| | ङ) अन्य उद्योग: ५ | |
| ६ | रोजगारी सृजना | ८ |
| | क) ५ जना भन्दा बढी रोजगारी भए: ८ | |
| | ख) ३ जना देखि ५ जनासम्म रोजगारी भए: ५ | |
| | ग) ३ जना भन्दा कम रोजगारी भए: ३ | |
| ७ | उद्योगको दिगोपना: | ५ |
| | सञ्चालनमा रहेको उद्योग व्यवसायको हकमा प्रत्येक वर्षको १ अङ्कका दरले ५ वर्षसम्मका लागि बढीमा ५ अङ्क | |
| ८ | स्थानीय तहमा सञ्चालित उद्योग | ५ |
| | क) गाउँपालिका क्षेत्रमा सञ्चालित उद्योग: ५ | |
| | ख) नगरपालिका क्षेत्रमा सञ्चालित उद्योग: ३ | |
| | **कुल जम्मा** | ५० |

**पुनश्च:**

उल्लिखित मूल्याङ्कनको आधारमा मूल्याङ्कन गर्दा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने उद्योग व्यवसायीहरू मात्र छनोट गरिनेछ। प्रविधि हस्तान्तरणका लागि उद्योगको छनोट गर्दा उद्योगले प्राप्त गरेको अङ्कको योग्यताक्रमका आधारमा गर्नु पर्नेछ।

माननीय मित्रलाल बस्याल
मन्त्री

अनुसूची-७

(दफा ३५ को उपदफा (६) सँग सम्बन्धित)

स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव मूल्याङ्कनको आधारहरू

| क्र. सं. | मूल्याङ्कनको आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| १ | रोजगारी सिर्जना | १० |
| | १० जना भन्दा बढी रोजगारी भए: १० | |
| | ५ देखि १० जना सम्म रोजगारी भए: ९ | |
| | ५ जना भन्दा कम रोजगारी भए: ८ | |
| २ | नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत प्राप्त निकायबाट तालिम लिइ उद्योग व्यवसाय सञ्चालन गरेका उद्योगी व्यवसायहरू | २ |
| ३ | उद्यमीको किसिम | १३ |
| | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिबाट सञ्चालित उद्योग: १३ | |
| | महिलाद्वारा सञ्चालित उद्योग: १२ | |
| | १८ देखि ४० वर्षसम्मका युवाद्वारा सञ्चालित उद्योग: ११ | |
| | अन्य उद्यमीको हकमा: १० | |
| ४ | स्थानीय तहमा सञ्चालित उद्योग | १० |
| | गाउँपालिका क्षेत्रमा स्थापित उद्योग: १० | |
| | नगरपालिका क्षेत्रमा: ८ | |
| ६ | उद्योगको दिगोपना: | ५ |
| | सञ्चालनमा रहेको उद्योग व्यवसायको हकमा प्रत्येक वर्षको १ अङ्कका दरले ५ वर्षसम्मका लागि बढीमा ५ अङक | |
| ७ | स्थानीय व्यक्तिलाई रोजगारी | ५ |
| | ५० प्रतिशत भन्दा बढी: ५ | |
| | २० देखि ५० प्रतिशत भन्दा कम: ४ | |
| | २० प्रतिशत भन्दा कम: १ | |
| ८ | उद्योग/व्यवसाय वर्गिकरण र सेवाको प्रकृतिका आधारमा | ५ |
| | परम्परागत सीप तथा प्रविधिको प्रयोग हुने स्थानीय कच्चापदार्थमा आधारित उद्योग: ५ | |
| | कृषि तथा पशुपालनमा मा आधारित उद्योग: ४ | |
| | कोशेली (सोभेनियर) वा हस्तकलाबाट सामान उत्पादन गर्ने उद्योग भए: ३ | |
| | कुल अङ्क | ५० |

माननीय मित्रलाल वस्याल
मन्त्री

अनुसूची-८

(दफा ४४ को उपदफा (३) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

## कोसेली घर स्थापना तथा सञ्चालनको लागि पेस गर्ने प्रस्तावको ढाँचा

मितिः

श्री पर्यटन तथा उद्योग कार्यालय,

................................।

विषयः कोसेली घर स्थापना तथा सञ्चालन सम्बन्धमा।

महोदय,

..................... नाममा दर्ता भएको द.नं. .....................को .................... संघ/संस्था/ सामुदायिक होमस्टे मार्फत कोसेली घर सञ्चालन गर्नेको लागि निम्न विवरण सहित यो निवेदन पेश गरेका छु/छौं।

१. संघ/संस्था/होमस्टेको नामः .............................................. दर्ता नं.................

२. आवद्ध उद्योगी व्यवसायी/ होमस्टेकर्मीको संख्याः

३. आवद्ध व्यवसायीको किसिमः ............... (जस्तैः महिला/दलित/फरक क्षमता भएका वा अन्य कुनै प्रकृतिको भए सो खुलाउने)

४. रोजगारी संख्याः

५. कोशेली घरमा रहने/ रहेका वस्तु संख्याः ........... स्थानीय उत्पादनका वस्तु संख्या .......... हस्तकलाका उत्पादन वस्तु संख्या ......... कृषि तथा वन पैदावरमा आधारित वस्तु संख्या.......

६. लागत साझेदारीमा लगानीः .................... प्रतिशत आफ्नो ................. प्रतिशत अनुदानबाट

७. यस अघि कुनै सहयोग/अनुदान लिए/नलिएकोः

८. मेशिन, औजार र फर्निचरमा लगानी हुने रकमः

संलग्न हुनु पर्ने कागजातहरु:

(क) संघ संस्था/ होमस्टेको दर्ता/ नवीकरण प्रमाणपत्रः

(ख) प्यान दर्ता/ कर चुक्ता प्रमाणपत्रः

(ग) व्यवसायिक योजनाः

(घ) कोसेली घर सञ्चालनको लागि भाडा सम्झौता र प्रतिवद्वताः

(ङ) सञ्चालन भैसकेको भए वस्तु, फर्निचर, मेशिन,औजार खरिद गरेका विलहरु:

(च) सञ्चालन भएको भए फोटाहरु साथै भिडियो संलग्न सि.डी.

संघ संस्थाको/ होमस्टेको छाप

निवेदक,-

नामः

ठेगानाः

दस्तखतः

मितिः

माननीय मित्रलाल वस्याल
मन्त्री